NEPALI

# रोक्किनुहोस् र विचार गर्नुहोस्

## यो संघीय निर्वाचनमा सुचनाको स्रोतको जाँच गर्नुहोस्।

संघीय निर्वाचनको समयमा ठुलो परिमाणमा सुचना प्रवाह गरिन्छ जुन तपाईंको मतलाई प्रभावित पार्ने उद्देश्यले गरिएको हुन्छ। तपाईंले देखेका, सुनेका वा पढेका कुराबारे राम्ररी सोचविचार गर्न आवश्यक हुन्छ। प्राप्त सुचनाकोबारे तपाईंलाई शंका लागेमा, तपाईंले आफ्नै धारणा बनाउन र निर्णय लिन मद्दत गर्न आफूलाई सोध्नसक्ने प्रश्नहरु हुन्छन्।

## मतदाताको रुपमा तपाईंको भूमिका

उपलब्ध सुचनाहरु निम्नानुसार छन् भन्ने विचार गर्न समय लिनुहोस्:

### विश्वसनीय

**के यी सुचनाहरु विश्वसनीय वा पहिचान हुन सक्ने स्रोतबाट आएका हुन?**

के तपाईंलाई यी सुचनाहरुको स्रोत थाहा छ? के यी सुचनाहरु आधिकारिक मिडिया आउट्लेट वा सामाजिक सञ्जालको अकाउन्टबाट आएका हुन? निर्वाचन कानुनले संचारको सत्यताको नियमन गर्दैन।

### ताजा

**यो कहिले प्रकाशित भएको थियो?**

कुनै पोस्ट/लेख आज सम्प्रेषण गरिएको थियो भन्दैमा त्यो अहिलेको हुँदैन। सधैं वास्तविक स्रोत र वास्तविक प्रकाशन मिति जाँच्नुहोस्।

### सुरक्षित

**के यो ठगी हुनसक्छ?**

यदि तपाईं सामाजिक सञ्जाल वा अन्य डिजिटल माध्यममा संचारित सुचनाको विषयवस्तु वा स्रोतको बारेमा शंकित हुनुहुन्छ भने, त्यसमा आफू संलग्न हुनु पूर्व राम्ररी विचार पुर्याउनुपर्छ।

सम्भव भएसम्म, तपाईंले सुचनाको स्रोतको संपर्क विवरण जाँच गर्नुपर्छ।

## ए.इ.सि. (AEC) को भूमिका

अष्ट्रेलियन निर्वाचन आयोग (AEC) संघीय निर्वाचन गराउने जिम्मेवारी पाएको एउटा स्वायत्त निकाय हो। ए.इ.सि. (AEC) का भूमिकाहरु:

**निर्वाचन प्रक्रिया विश्वसनीय सुचनाहरु उपलब्ध गराउने**

ए.इ.सि. ले आफ्नो विज्ञापन अभियान, वेबसाईट, सम्पर्क केन्द्रहरु तथा सामाजिक मिडिया अकाउन्ट मार्फत निर्वाचनका लागि नाम दर्ता कसरी गर्ने,मतदान कसरी गर्ने वा कसरी चुनावमा एक प्रतिस्पर्धीको रुपमा सहभागी हुने भन्ने विषयका सुचनाहरू सजिलै उपलब्ध गराउँदछ।

यदि त्यहाँ निर्वाचन प्रक्रिया सम्बन्धी कुनै गलत सुचना सम्प्रेषण भएमा ए.इ.सि. ले आफ्नो अभिलेख सच्याउने काम गर्छ। यी चुनावी प्रक्रियाभन्दा बाहिर – ए.इ.सि. ले चुनावको बेलामा संचारित सुचनाहरुको सत्यताको जाँचबुझ गर्नमा कुनै भूमिका खेल्दैन।

**चुनावी संचारको वैधानिकताको जाँचबुझ गर्नुहोस्**

केही निश्चित निर्वाचन सम्बन्धी सुचनाहरुको अधिकारिकता प्रमाणित गरिएको हुनुपर्ने हुन्छ ता कि तपाईंलाई उक्त सुचनाको स्रोत पत्ता लगाउन सजिलो हुन्छ। उजुरी प्राप्त भएको अवस्थामा, ए.इ.सि. ले ठिकसँग प्रमाणित नगरिकन संचार गरिएका निर्वाचनसँग सम्बन्धित सुचनाहरुको छानबिन गर्छ।




aec.gov.au 13 23 26

निर्वाचन आयुक्तबाट जारी गर्न अधिकार प्राप्त, क्यानबेरा
Authorised by the Electoral Commissioner, Canberra